लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण सुर्खेत
कर्णाली प्रदेश नेपाल

मितिः २०८०/१०/२८

पत्र संख्या:- २०८०/०८१

च.नं. १४२१

श्री वडा कार्यालय वडा नं १ देखि १० सम्म
लेकबेशी नगरपालिका

## विषयः सर्तकता अपनाउने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा तनहुँ, लमजुङ्ग र कास्की जिल्लाका विभिन्न पालिकाहरुमा बङ्गुरमा लाग्ने संक्रामक अफ्रिकन स्वाईन फिभर रोग देखा परेको र उक्त रोगको प्रभावकारी उपचार समेत नभएको हुँदा रोग फैलन नदिन रोग देखा परेको क्षेत्रबाट बंगुर ओसारपसार नगर्न र फर्ममा अनाबश्यक आवजावतमा समेत विशेष सतर्कता अपनाउन हुन सम्बन्धित सबैमा जानकारी गरिन्छ ।साथै देहायका उपायहरु अवलम्बन गर्न हुन लेकबेशी नगरपालिका हार्दिक अपिल गर्दछ ।

**उपायहरु**

- फर्ममा जैविक सुरक्षाका विधिहरुको अवलम्बन गर्ने
- बंगुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरि चुना,व्लिचिङ्ग पाउडर,फर्मालिन लगाएतका निःसंक्रमणका औषधिहरु प्रयोग गरि निःशंक्रमण गर्ने
- रोगको शंका लागेमा पशुहरुलाई बथानबाट अलग राख्ने
- मरेको पशुलाई राम्रो संग खाडलमा गाड्ने वा जलाउने
- घर पालुवा सुंगुर,बंगुरलाई जंगली बंदेलको सम्पर्कमा आउन नदिने
- रोग देखा परेको क्षेत्रबाट सुंगुर प्रजाति/पाठापाठी,शंक्रमित मासु र दानाको ओसारपसार नगर्ने/नगराउने
- अनिवार्य रुपमा स्वास्थ्य प्रमाण पत्र लिएर मात्र स्वस्थ सुंगुर बंगुर वा मासुको ओसारपसार गर्ने /गराउने
- सुंगुर ,बंगुर तथा बदेललाई होटेल रेष्टुरेण्टबाट फालिएका खानेकुरा नखुवाउने
- तयारी दाना वाहेक अन्य आहारा खुवाउनु परेमा रामरी पकाएर मात्र खुवाउने

२०८०/१०/२८
प्रमुख प्रशासकीय अधिकृत